नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरवार, काठमाडौं
फोनः ०१४२११११९७
इमेलः ndrrma@gmail.com

पत्र संख्याः

च. नं.

## उच्च सतर्कताका लागि अनुरोध

जल तथा मौसम विज्ञान विभागका अनुसार यही असोज १७ गतेदेखि २० गतेसम्म देशका खासगरी कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मध्यमदेखि भारी वर्षाको संभावना रहेको छ। नारायणी, बागमती, कमला र कोशी नदीमा वहाव खतरा तह आसपास पुग्न सक्ने देखिएको छ। विशेषगरी बागमती प्रदेशको काठमाडौं उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर, चितवन, कोशी प्रदेशको संखुवासभा, ताप्लेजुङ्ग, इलाम, झापा, मोरङ, मधेश प्रदेशको बारा, पर्सा, सर्लाही, रौतहट र आसपासका जिल्ला भई बहने स-साना नदीहरुमा आकस्मिक बहावको संभावना उच्च रहेको हुँदा सतर्कता अपनाउनु हुन र पूर्वतयारी तथा पूर्वकार्य गर्नु हुन सबैमा अनुरोध गर्दछौं।

यतिवेला दशैंको माहोल पनि भएकोले तपशिल बमोजिमको कार्य गर्न/गराउन सम्वन्धित सबैमा अनुरोध छ।

- उल्लिखित अवधिमा अत्यन्त जरुरी नभई सकेसम्म घरदेखि टाढा र रातिको समयमा यात्रा नगर्ने।
- सम्वन्धित जिल्ला विपद् व्यवस्थापन समितिले वर्षा र बाटोको अवस्था हेरी सवारी सञ्चालनमा रोक लगाउनेबारे आवश्यक निर्णय लिने र सो निर्णय पालना गराउने।
- पहिरोको जोखिममा रहेका तथा नदी किनारका वस्तीहरुमा उच्च सतर्कता अपनाउने।
- डुवान हुने बस्तीका बासिन्दाहरुले उँचो (अग्लो) र सुरक्षित स्थानबारे जानकारी लिने र अरुलाई पनि जानकारी दिने। आवश्यक पर्नासाथ सुरक्षित स्थानमा जाने।
- तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवकलगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिमयुक्त राजमार्ग र सडकहरुमा तुरुन्त परिचालन हुने गरी डोजर, एक्साभेटर, लोडर लगायतका साधनहरु तयारी अवस्थामा राख्ने।
- पूर्वतयारी, पूर्वकार्य र प्रतिकार्यमा सहयोग गर्ने साझेदार संस्थाहरु जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सम्पर्कमा रही सतर्क (अलर्टमा) रहने।

मितिः २०८२ असोज १५

(शान्ति महत)
उपसचिव/प्रवक्ता

CS CamScanner